बाल सन्दर्भसामग्री

बालबोध - ३३

# जादुको बाकस

(बालकथाहरुको सँगालो)



1.495
DC-j
059

बाल सन्दर्भसामग्री

बालबोध - ३३

891.495
CDC-j
2059

# जादुको बाकस

(बालकथाहरूको सँगालो)

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**

**प्रकाशक :** श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

**लेखन :** विश्वम्भर चञ्चल

**भाषा सम्पादन :** गणेश भट्टराई

**चित्राङ्कन :** अवीन्द्रमान श्रेष्ठ

**रूपविन्यास :** नवीन्द्र राजभण्डारी

**आवरणविन्यास :** गौतम मानन्धर

**सामग्री विकास संयोजन :** हर्कप्रसाद श्रेष्ठ

सर्वाधिकार प्रकाशकमा सुरक्षित

पहिलो संस्करण : २०५९ साल

छपाइ प्रति : २८,०००

मुद्रण : एपोलो अफसेट प्रेस, काठमाडौं

Ac. 1044

# प्राक्कथन

पाठ्यक्रम विकास केन्द्रले शिक्षाको गुणस्तर वृद्धिका लागि चलाएका विविध कार्यक्रममध्ये बाल सन्दर्भसामग्रीको प्रकाशन पनि एक हो । पाठ्यपुस्तकवाट प्राप्त हुन नसकेका पाठ्यक्रमका उद्देश्यलाई प्राप्त गरी आफ्नो ज्ञान, सीप वा अभिवृत्तिको विकास गर्न प्राथमिक तहका विद्यार्थीहरू सक्षम होऊन् र अन्तत: व्यक्तिमा अन्तर्निहित प्रतिभाको प्रस्फुटन भइ सिर्जनशील नागरिकको विकास हुन सकोस् भन्ने यस कार्यक्रमको मूल उद्देश्य रहेको छ ।

प्राथमिक तहका केटाकेटीका लागि जिज्ञासा पैदा गर्ने, रुचि बढाउने र चाख मानीमानी पढेर प्रेरणा लिने प्रकारको सामग्रीको खाँचोलाई पूरा गराउन पनि यो प्रकाशन-माला चलाइएको हो । यसले पूरक पाठयपुस्तकको काम पनि गरोस्, मनोरञ्जन पनि देओस्, पठन प्रवृत्ति पनि वढाओस् भन्ने प्रयोजन पूरा गराउने वस्तु, भाषा-शैली र प्रस्तुतिको छनोट गर्न खोजिएको छ, जसले पढ्ने रुचिलाई वढाई विद्यार्थीहरूलाई विद्याव्यसनी वनाउन सकोस् र हरेक क्षण र कामलाई शिक्षापरक ढङ्गमा हेर्ने वानी बसालोस्, अनि हाम्रा भोलिका नागरिक सभ्य, शिष्ट र अनुशासित वनून्, त्यसो भएमा नै आजका प्रयत्नहरूको सार्थकता पनि रहन्छ ।

यसअघि विगतका वर्षहरूमा विभिन्न अठ्ठाईस शीर्षकका सामग्री प्रकाशित भइसकेका छन् । यस वर्षका दस शीर्षक समेत अव तीन दर्जन भन्दा वढी शीर्षकमा साग्रीको प्रकाशन भएको छ । सामग्रीमा सामान्यतया कथा, कविता, जीवनी जस्ता विधाको समावेश भए पनि विविधताका लागि प्रशस्त प्रयत्न गरिएको छ र यसलाई अरू विविधतायुक्त बनाउने प्रयास पनि भइरहेको छ ।

हाम्रो यस प्रयासमा सामग्रीको लेखन/सम्पादन गरेर, चित्र वनाएर, सल्लाह दिएर वा अन्य प्रकारले सहयोग गर्ने सम्पूर्ण महानुभावहरूप्रति पाठ्यक्रम विकास केन्द्र हार्दिक कृतज्ञता प्रकट गर्दछ र हाम्रो यस कार्यलाई फलदायी र गुणस्तरीय पार्न यसका पाठक, लेखक तथा शिक्षक, अभिभावक, समस्त वुद्धिजीवी र शिक्षाविद्बाट सल्लाह र सुझावको अपेक्षा सदाझैं राखेको कुरा विनम्रतापूर्वक ज्ञापित गर्दछौं ।

शिवप्रसाद सत्याल
महानिर्देशक
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी,भक्तपुर

२०५९

# विषयक्रम





१. भालुले मानिसलाई किन लखेट्छ ? १





२. बलभन्दा बुद्धि ठूलो ७


३. जादुको बाकस १४






४. को बुद्धिमान् ? २१





५. भँगेरा र कौवा २६


६. हिउँआमा ३१

# १ भालुले मानिसलाई किन लखेट्छ ?



धेरै वर्षअघिको कुरा हो । एउटा मानिस कतै जान लागेको थियो । उसले आफू जाने ठाउँको बाटो भुल्यो । बाटो भुलेर ऊ जङ्गलभित्र हरायो ।

जङ्गल धेरै बाक्लो थियो । जङ्गलमा बाघ, भालु र स्यालको आवाज मात्र सुनिन्थ्यो । त्यसमाथि अँध्यारो पनि हुँदै गयो । त्यो मानिस डरायो । ऊ "हे भगवान् ! मलाई बचाऊ ! लौन ! प्रभो बचाऊ !!" भन्दै रुन थाल्यो ।



त्यो मानिस रोएको एउटा भालुले देखेछ । ऊ मानिसनजिकै आइपुग्यो । मानिस त झन् डरायो । भालुलाई त्यस मानिसदेखि दया जागेर आयो । उसले भन्यो, "भाइ, तिमी नडराऊ । भन, तिमीलाई के आपत परेर यसरी रोएका हौ ? म तिम्रो मद्दत गर्छु ।"

त्यस मानिसले बाटो भुलेको सबै कुरा बतायो । उसलाई डर लागेको र भोक लागेको कुरा पनि बतायो ।


भालुले भन्यो, "तिमी धन्दा नमान । आजदेखि तिमी र म साथी साथी । ल हिँड मेरो गुफामा । अब हामी सँगै बस्ने गरौँ । जङ्गलमा जे खानेकुरा पाइन्छ, त्यही खाएर बसौँला । तिमीलाई मन लागेको तिमी खाऊ । मलाई मन लागेको म खान्छु ।"

त्यस मानिसले एकछिन सोच्यो । उसले भालुको कुरा मन्जुर गर्‍यो । अनि त्यस दिनदेखि ऊ भालुसँगै बस्न थाल्यो ।



एकदिनको कुरा हो । मानिसले भालुसँग भन्यो, “भालु दाइ, यसरी कति दिन बस्ने ? जङ्गलमा पनि खानेकुरा सधैं पाइँदैन । के खाने, लौ भन त ? अब हामी खेती गरौं र आफूलाई मन लागेको कुरा उब्जाएर खाऔं । कसो ?”

भालुले भन्यो, “हो, ठीक कुरा गर्‍यौ भाइ, ल हुन्छ । तर केको खेती गर्ने ? फेरि त्यो खेती कस्तो हुन्छ, मलाई थाहा छैन । म त जङ्गली जनावर न भएँ ! तिमीजस्तो खेती गर्ने मानिस परिनँ त ।”




मानिसले भन्यो, "त्यसमा तिमी पीर नगर । खाली तिमी मलाई मद्दत मात्र गरिदेऊ । बाली उम्रेपछि तिमी जमिनभित्रको भाग खाने कि जमिनबाहिरको ? त्यसको अहिल्यै छिनोफानो गरौँ । पछि फेरि हामी दुईको बीचमा झगडा पर्ला, त्यो त राम्रो भएन नि !"

भालुले सही थाप्यो, "हो, ठीक भन्यौ । अहिल्यै छिनोफानो गर्नु राम्रो । बरु यसो गर न । तिमी बुद्धि लगाएर काम गर्छौ जमिनमुनिकै भाग खाऊ । माथितिर जो बाँकी रहेर निस्केला, म त्यही खाउँला । हुन्न र ?"

मानिसले भन्यो, "किन नहुनु दाइ, तिमीले मेरो ज्यान बचाइदियौ । तिम्रो गुण म कहाँ बिर्सन सक्छु र ? तिमी जे भन्छौ, म मान्छु ।"

त्यसपछि मानिसले आलु खेती गर्न थाल्यो । भालुले पनि उसको काममा राम्ररी सघायो । आलु फल्यो । बिचरा भालुको भागमा आलुको बोट पऱ्यो ।



फेरि अर्को पटक बाली लाउने वेला आयो । मानिसले भालुसँग फेरि त्यही कुरा राख्यो । उसले भन्यो, "दाइ ! यसपालि तिमी कहाँको खान्छौ ? जमिनभित्रको कि जमिनबाहिरको ? तिमीलाई पनि मन पर्ने खालको नै बाली लगाउनुपर्ला ।"

भालुले पहिलो बालीबाट दु:ख पाइसकेको थियो । उसले घाँस मात्र खानुपरेको थियो । त्यसैले उसले खुब सोचविचार गरेर भन्यो, "भैगो, यसपालि तिमी बाहिरको भाग खाऊ । मचाहिँ जमिनभित्रको भाग खाउँला । कसो, हुन्न र ?"


मानिसले भन्यो, "दाइको कुरा सुन्दा त अचम्म लाग्यो । यस्तो ज्यान जोगाइदिनेले भनेको कुरा नमानौंला र ! हुन्छ, भइहाल्छ नि । म जमिनबाहिरकै भाग खाउँला । तिमीले भित्रको मीठो फल खानू ।"

भालु मनमनै दङ्ग पऱ्यो । सोच्यो, "कस्तो मूर्ख रहेछ । मैले जे भन्यो, त्यो त्यही पो मान्छ ए . . . !"



मानिसले यसपालि मकै बाली लगायो । फलेपछि घोगाजति टिपेर मकैजति आफूले खायो । मकैको बोटको जरामात्र भालुको भागमा पर्‍यो । अनि त के चाहियो र, भालु रिसले चूर भयो । पहिले घाँस खानुपर्‍यो । अहिले जरा खानुपर्‍यो । असली कुरा त मानिसले मात्र खायो भन्ने उसलाई लाग्यो । यसैले मानिसलाई नै खान झम्टिन खोज्यो । मानिसचाहिँ त्यहाँबाट तुरुन्तै भाग्यो । भालुले धेरै बेर खेद्यो । तर भेट्टाउन सकेन । त्यसै वेलादेखि भालुले मानिसलाई लखेट्न थालेको हो । अहिले पनि भालुले मानिसलाई देख्नेबित्तिकै लखेट्छ ।

# २ बलभन्दा बुद्धि ठूलो



धेरै पहिलेको कुरा हो । एउटा गाउँमा एउटा केटो थियो । ऊ सधैँ भेडाबाखा लिएर चराउन जान्थ्यो । पहाडको फेदीमा भेडाबाखा चर्थे । त्यहाँ हरियो र मोटो घाँस उम्रिन्थ्यो ।

त्यस पहाडको गुफामा एउटा राक्षस पनि बस्थ्यो । जब भेडाबाखाहरू चर्न त्यहाँ पुग्थे, हल्लाखल्ला हुन्थ्यो । भ्या ... भ्या ... र म्या ... म्या ... का आवाजहरू सुनिन्थे । भेडाबाखाहरू यताउति दौडिन्थे । जुधाजुध गर्थे । हानाहान गर्थे । पाठाहरू दिनभरि उफ्रिन्थे । गोठालो केटोचाहिँ एउटा रूखको छहारीमा सुतेर आनन्द मानिरहन्थ्यो ।



राक्षसलाई भेडाबाखाको हल्लाखल्ला मन पर्दैनथ्यो । उनीहरूको हल्लाले ऊ दिनभरि शान्तिसँग बस्नै पाउँदैनथ्यो । बिहान पनि चाँडै उठ्नुपर्थ्यो । उसलाई यस अवस्थाले साऱ्है दिक्क पाऱ्यो ।

एकदिन राक्षस गुफाबाट वाहिर निस्कियो । ऊ एकदम रिसाइरहेको थियो । निस्कनेबित्तिकै उसले सबै भेडाबाखालाई समात्न खोज्यो । भेडाबाखा सबै कुलेलम ठोके । उसले चारैतिर हेऱ्यो । गोठालो केटो आनन्दले सुतिरहेको थियो । उसले बोलायो, "ए केटा ! यता आइज ।"

राक्षसलाई देख्दा केटो पनि डरायो । उसले अझ हकारेर डाक्यो, "ए फुच्चे, सुनिनस् ? यता आइज भन्या ?"



केटो डराईडराई छेउमा आयो। राक्षसले भन्यो, "खबरदार! भोलिदेखि तेरा यी भेडाबाख्रा चराउन यहाँ नल्याउनू। तेरा भेडाबाख्रा कराउँदा र उफ्रिँदा मेरो शान्ति भङ्‌ग भयो। फेरि पनि ल्याइस् भने तँ बाँच्दैनस्।

राक्षसको कुरामा 'हस' भन्दै केटो घर फर्क्यो। उसले बाटाभरि सोच्यो, "कसरी म अब यस घमन्डी राक्षसलाई ठीक पारौँ . . . !"



केटो दुःख मान्दै घर पुग्यो । उसकी आमाले सोधिन्, "के भो बाबु ? किन थाकेजस्तो देखिन्छस् नि ?"

उसले सबै कुरा आमालाई बतायो । आमा पनि राक्षसदेखि डराइन् । उनले आत्तिएर भनिन्, "त्यसो भए नलैजा बाबु भेडाबाखा त्यहाँ । राक्षसले त सबै भेडाबाखा खाइदिन्छ । तँलाई पनि हानि पुऱ्याउन सक्छ ।"

केटाले आमालाई भन्यो, "नआत्तिनुहोस्, आमा । म उपाय सोचिहाल्छु नि ।"



भोलिपल्ट पनि केटो भेडाबाखा लिएर त्यही पहाडतिर लाग्यो । उसले झोलामा मख्खनको एउटा ठूलो डल्लो पनि राखेको थियो ।

भेडाबाखा भनेका त पशु न हुन् ! भोलिपल्ट पनि उही आफ्नै तालमा उफ्रिँदै नाच्दै भ्या... भ्या... र म्या... म्या... गर्न थाले । राक्षसलाई अब सहिनसक्नुभयो । ऊ बाघजस्तै गर्जिएर गुफाबाहिर निस्कियो । राक्षस रिसले चूर भएको थियो । उसका आँखा डरलाग्दा देखिन्थे । तैपनि केटो नडराएकोमा उसलाई आश्चर्य लाग्यो । उसले गर्जेर बोल्यो, "ए मनुवा ! तँ मदेखि डराइनस् होइन ? मैले तेरा भेडाबाखा चराउन यहाँ नले भनेको होइन ?"

केटाले जबाफ फर्कायो, "हुन त हो । तर म यिनीहरूलाई असाध्यै माया गर्छु । यी पशुहरूको सेवा गर्नु मेरो कर्तव्य हो । मैले यिनीहरूलाई यहाँ चराउन नल्याए यिनीहरूको अन्त चर्ने ठाउँ नै छैन । अनि खान नपाएर मर्दैनन् यिनीहरू ! लौ, तिमी नै भन त ?



राक्षस न ठहरियो ! उसलाई कसको के माया ? अब ऊ केटालाई नै खान तम्सियो । केटाले उसलाई खबरदारी गर्दै भन्यो, "खबरदार ! मेरो छेउमा नआऊ । म तिमीभन्दा पनि बलियो छु । तिमीलाई आफ्नो ज्यानको माया छ भने पहाड नै छाडेर भागिहाल ।"

राक्षस पहाडै थर्कने गरी हाँस्यो, "हा . . . हा . . . हा . . . ।" यसै मौकामा केटोले जमिनबाट ढुङ्गा टिप्न लागेझैं निहुरियो । अनि झोलाबाट खुसुक्क मख्खनको डल्लो निकाल्यो । उसले भन्यो, "तिमीले त मलाई टुक्राटुक्रा मात्रै पार्न सक्छौ । म त तिमीलाई कागती निचोरेझैं जमिनमा थोपाथोपा पारेर खसालिदिन सक्छु, बुझ्यौ ? के ठानेका छौ ?"



त्यस केटाले मख्खनको डल्लालाई थिच्यो । मख्खनको रस चुहिएर भुइँभरि खस्यो । राक्षसले यो सब देखिराखेको थियो । उसले मनमनै भन्यो, "नचला भाइ अब यसलाई ! मनुवा त साँच्चिकै शक्तिशाली रहेछ !"

राक्षसले टाप ठोक्यो । केटालाई भेडाबाखा चराउने समस्या रहेन ।

# ३ जादुको बाकस



धेरै वर्षअघिको कुरा हो । कुनै गाउँमा एउटा किसान बस्थ्यो । उसकी एउटी स्वास्नी र छोरी थिए । छोरी खाने बेलामा जहिले पनि झगडा गर्थी । आमा उसलाई खुवाउन कर गर्थी । ऊ भन्थी, "झगडा नगर् नि ! म तँलाई उः त्यो जङ्गलमा बसेको भालुलाई दिन्छु ।" आमा सधैँ त्यसै भनिरहन्थी । आखिर भालुलाई यो कुरा थाहा भयो । अनि जब छोरी ठूली भई भालुले उसलाई चोरेर लग्यो । ऊ अति राम्री थिई ।



लोग्नेस्वास्नी धेरै दिनसम्म छोरीको पीर गरेर बसिरहे । कहाँ गई, कसले लग्यो, केही पत्तो पाइएन । स्वास्नी लोग्नेलाई "छोरी खोज्न जाऊ" भनेर सधैँ कराइरहन्थी । बूढो पुर्पुरामा हात राखेर मात्र बसिरहन्थ्यो ।

एकदिन किसान छोरी खोज्न हिँड्यो । जङ्गलको बीचमा उसले आफ्नी छोरीले लाउने गरेको लुगाको टुक्रा फेला पार्‍यो । अलि पर गयो, फेरि अर्को टुक्रा फेला पार्‍यो । यसैको सहाराले ऊ भालुको गुफामा पुग्यो ।

बाबुलाई भेटेपछि छोरी असाध्यै खुसी भई । उसले आमाको बारेमा धेरै सोधखोज गरी । उसले भनी, "मलाई भालुले राजकुमारीजस्तै गरी राखेको छ, बा । उसले मलाई साह्रै सुख दिएको छ । तपाईं र आमाले मेरो केही चिन्ता लिनुपर्दैन ।"



किसानले छोरीको कुरा सुन्यो र भन्यो, “लौ त छोरी, तँ सुखी छस् भने हामीलाई केही छैन । राम्ररी बसेस् । म हिँडेँ ।”

किसान हिँड्न लाग्दा भालुले उसलाई उपहार दिएर पठायो । त्यो उपहार एउटा सानो बाकस थियो । किसानलाई त्यो बाकसभित्र के होला भन्ने खुल्दुली लागिरह्यो । उसले सोच्यो, “बाटोमा खानको लागि खाजा दिएको होला भालुले ।”

हिँड्दाहिँड्दै एउटा खोलो आयो । किसान त्यस वेलासम्म भोकाइसकेको थियो । उसले त्यही खोलाको चिसो पानी खायो । केही बेर सुस्तायो र बाकस खोल्यो ।




आश्चर्य ! बाकसभित्रबाट दुइटा पुतली बाहिर निस्किए । एउटाले खानका लागि पातलो थाल ओछ्याइदियो । अर्कोले थरीथरीको खानेकुरा त्यसमा राखिदियो । किसानले दङ्ग पर्दै ती सबै खानेकुराहरू खायो । किसानले ती दुइटा पुतलीलाई फेरि बाकसमै राखेर घर फर्क्यो । उसले छोरी, भालु र बाकसको सबै व्यहोरा स्वास्नीलाई सुनायो । स्वास्नी पनि दङ्ग परी । त्यस दिनदेखि लोग्नेस्वास्नी बाकसभित्रको पुतलीले दिएका मीठामीठा खानेकुरा खाएर बस्न थाले ।

यो हल्ला गाउँभरि फैलियो । राजाकहाँ समेत यो खबर पुग्यो । राजाले सिपाहीमार्फत त्यो जादुको बाकस खोसेर लगे । किसानका लोग्नेस्वास्नी दु:खी बने । उनीहरूलाई अब बिहानबेलुका खान पनि धौधौ पर्‍यो ।



किसान स्वास्नीको सल्लाहले फेरि छोरीकहाँ गयो । भालुले उसलाई अर्को त्यस्तै काठको बाकस दिएर पठायो । किसान खुसी भएर घर फर्क्यो । घरमा गएर बाकस खोल्दा त त्यसभित्र फर्सीको बियाँ पो रहेछ । यो फर्सीको बियाँले भोलिपल्टै किसानको घर वरिपरि लहरा फैलायो । त्यहाँ एउटा विशाल फर्सी पनि देखिइहाल्यो । उनीहरूले त्यस फर्सीलाई भोलिपल्ट मात्र खाने विचार गरे ।

अपशोच ! त्यो फर्सी पनि राजाकै सिपाहीहरूले चोरेर लगे । राजाले त्यसलाई फुटाएर हेर्दा त त्यहाँभित्र बहुमूल्य गहनाहरू थिए ।



किसान फेरि छोरीकहाँ पुग्यो । भालुले उसको सबै कुरा ध्यान दिएर सुन्यो । फर्किने वेलामा फेरि त्यस्तै एउटा बाकस लिएर आयो । यो खबर फेरि मानिस, गाउँ र सहर हुँदै राजाकहाँ पुग्यो । राजाका सिपाहीहरूले यो बाकस पनि लिएर गए ।


दरबारमा राजाका मानिसले बाकस खोले । राजारानी फेरि सम्पत्ति पाइने भो भनेर दङ्ग परे । क्या मज्जा ! फेरि दुइटा पुतली हातमा कुचो लिएर बाकसबाट निस्किए । तिनीहरूले त्यही कूचाले धमाधम कुट्न थाले । वरपरका मानिसहरू छुट्याउन आए तर सकेनन् । उनीहरूले सबैलाई पिटे । त्यहाँ रुवाबासी भयो ।



आखिर राजारानी किसानको शरणमा आए । उनीहरूले किसानबाट लिएको बाकस र सबै गहनाहरू फिर्ता दिए । किसानको आज्ञाले पुतलीहरूले पनि राजारानीलाई कुट्न छाडे । त्यसपछि राजारानी खुसी हुँदै दरबार फर्किए । किसानका लोग्नेस्वास्नी पनि शान्तिले बस्न थाले ।

# ४ को बुद्धिमान् ?

1044



कुनै समयको कुरा हो । एउटा जङ्गलमा धेरै थरीका जनावरहरू थिए । उनीहरू मिलिजुली र शान्तिपूर्वक बस्थे । त्यस जङ्गलको राजा सिंह पनि बुद्धिमान् थियो । ऊदेखि सबै जनावर खुसी थिए । त्यसै जङ्लमा एउटा बाँदर् पनि बस्थ्यो । बाँदर धेरै दुष्ट थियो । ऊ कसैको भलो चाहँदैनथ्यो । उसको काम अरूसँग जालझेल गर्ने, छकाउने र दुःख दिने मात्र हुन्थ्यो । जङ्गलका सबै जनावर ऊदेखि वाक्कै थिए ।

एकचोटि जङ्गलको राजा सिंह बिरामी पऱ्यो । दिनदिनै उसको स्वास्थ्य खराब हुँदै गयो । अब जनावरहरूलाई पीर पर्न थाल्यो । "राजाको स्वास्थ्यलाई कसरी ठीक पार्न सकिएला ?" उनीहरू सोच्न लागे ।



त्यसै बखत जङ्गलका अरू जनावरहरूले सोचे, "मौका यही हो । बाँदरलाई ठीक गर्ने ।" यो कुरा बाँदरको कानसम्म पुग्यो । सुन्नासाथ ऊ बेस्सरी हाँस्यो, "हा ... हा ... हा ... ।" अनि कम्मरमा हात लगाउँदै भन्यो, "ए मलाई ठीक पार्ने रे ... ! मलाई बुद्धि सिकाउने रे ... ! को आउँदो रहेछ, मभन्दा बुद्धिमान् । हेरौँ न त !"

त्यसको केही दिनपछि एउटा मुसो बाँदरकहाँ पुग्यो । बाँदर फेरि आफ्नो बुद्धिको धाक लगाउन थाल्यो । मुसाले आफ्ना लामा जुँगा मुसार्दै भन्यो, "तिमी म जति त बुद्धिमान् छैनौ है ।" मुसाको कुरामा त बाँदर झन् मरिमरी हाँस्न पो थाल्यो । उसले हाँस्दाहाँस्दै मुसालाई खिसी गर्दै सुनायो, "लौ न कता पो गएर हाम्फालुँ !"

"भोभो, धाक नदेऊ", मुसाले जोड दियो । "त्यसो भए आऊ न त बाजी थापौँ राजाको अगाडि गएर ।"


"वा ! फेरि राजाको धाक दियो फुच्चेले ! ल हिँड्, राजादेखि को डराउँछ ?"



मुसा र बाँदर राजाको अगाडि पुगे । जङ्गलका अरू जनावरलाई पनि त्यो बाजी हेर्न बोलाइयो । मुसाले राजा र अरू जनावरको अगाडि भन्यो, "म यो वानरको मनको सबै कुरा भन्न सक्छु । यदि मैले भन्न सकेँ भने यो बाँदरलाई राजाले यो जङ्गलबाट निकाल्नुपर्नेछ । यदि मैले हारेँ भने मलाई यस जङ्गलबाट निकालियोस् । अनि छिनोफानो हुन्छ, म बुद्धिमान् कि यो बाँदर बुद्धिमान् ... । बाँदर, तँलाई यो कुरा मन्जुर छ ?" बाँदरले मनमनै सोच्यो, "मेरो मनको कुरा भन्ने रे ... । कहाँबाट सक्नु यसले ! क्या मूर्ख रहेछ ! निकालिने भो अब यस जङ्गलबाट !"

मुसाले अरू जनावरसँग पनि सोध्यो, "लौ मन्जुर छ सबैलाई ?"

"छ ! छ ! हामीलाई मन्जुर छ", सबै जनावरले एकै स्वरमा मन्जुरी दिए । सिंहले पनि बाँदरको मनको कुरा भन्न मुसालाई आदेश दियो ।



मुसाले बाँदरको मनको कुरा भन्यो, "अहिले यस बाँदरलाई ठूलो चिन्ता परेको छ । तर अघिपछिको जस्तो आफ्नै लागि चिन्ता गरेको होइन । यस बखत यो पटक्कै स्वार्थी छैन । यो त राजाको स्वास्थ्य कहिले ठीक होला भनेर भगवान्सँग प्रार्थना गरिरहन्छ । भन्छ, "हे भगवान् ! हाम्रो राजालाई चाँडै बिसेक गरिदेऊ । उनी लामो समयसम्म शासन गर्न सकून् ... ।"


त्यसपछि मुसाले सोध्यो, "अहिलेको तेरो मनको इच्छा यही हो कि होइन ? लौ नढाँटी भन् ?"



अब बाँदरलाई पर्नु पीर पर्‍यो । 'होइन' भनुँ भने यसै पनि राजाले उसलाई झुन्ड्याइ दिनेछन् । 'हो' भनुँ भने पनि बाजी हारिने भयो । के गर्ने ... ? के गर्ने ... ? आखिर राजद्रोही ठहरिएर मर्नुभन्दा 'हो' भनिदिनु नै वेश लाग्यो उसलाई । बरु जङ्गलबाट निकाला नहोस् महाराज भनेर माफी पनि पाइहालिन्छ कि ... । उसले यही आस गर्‍यो र 'हो' भनिदियो । उसले जङ्गलबाट ननिकाल्नका लागि गरेको बिन्तीबारे राजाले अरू जनावरलाई सोधे । सबैले भने, "यदि यस बाँदरले पहिलेजस्तै गरी हामीलाई दुःख दिँदैन भने माफी बक्सियोस्, महाराज ।"

राजाले पनि आफ्ना प्रजाको कुरा सुने । त्यस दिनदेखि त्यो बाँदर सबैसँग मिलेर बस्न थाल्यो ।

# ५ भँगेरा र कौवा



कुनै गाउँको रूखमा एउटा भँगेरो बस्थ्यो । त्यो सधैं रिसाएर चिरबिर गरिरहन्थ्यो । उसको आहारा कौवाले खाइदिन्थ्यो । त्यसैले ऊ रिसाउँथ्यो । त्यो कौवा भने निकै अग्लो रूखमा बस्थ्यो । भँगेरो कौवाको उचाइमा उड्न सक्तैनथ्यो । यसैले भँगेरो जहिले पनि रूखबाट त्यो कौवा खसोस् भन्ने चाहन्थ्यो । कौवा खस्तैनथ्यो । ऊ झन् भँगेरोले सुन्ने गरेर का ... का ... गरी जोडले कराइरहन्थ्यो ।




एकदिन भँगेराले गाउँको सिकर्मीकहाँ गएर भन्यो, "सिकर्मी दाइ, सिकर्मी दाइ ! त्यो अग्लो रूख काटिदिनोस् न । हेर्नोस् न, त्यसको टुप्पामा बस्ने त्यस कौवाले सधैँ मैले खाने किराफट्याङ्ग्रा खाइदिन्छ ।"

सिकर्मीले भँगेरालाई भन्यो, "हुन्न बाबु भँगेरा, त्यो रूख काट्दा गाउँको मुखिया रिसाउँछन् ।"

त्यसपछि भँगेरो मुखियाकहाँ दौडियो । उसले मुखियालाई भन्यो, "मुखिया बा , मुखिया बा ! त्यस सिकर्मीलाई पिटिदिनोस् न । त्यसले मैले भनेको कुरै मान्दैन ।"


मुखिया बाले सुनाए, "हुँदैन बाबु भँगेरा, मैले त्यस सिकर्मीलाई कुटेँ भने राजा रिसाइहाल्छन् नि !"



भँगेरो तुरुन्तै दौडेर राजाकहाँ पुग्यो र सबै कुरा बतायो । राजाले भने, "हेर भँगेरा, मैले त्यो मुखियालाई केही गर्नै मिल्दैन । यदि मैले मुखियालाई केही गरेँ भने सूर्य देवता रिसाउनेछन् ।"

भँगेराले सूर्य देवताको प्रार्थना गऱ्यो । उसले सूर्यको पुकारा गर्दै भन्यो, "हे सूर्यदेव ! तिमीले राजालाई त्यो रूख काटिदिन लगाइदेऊ ।"


सूर्यदेवले भँगेरालाई सम्झाए, "त्यो रूख प्रकृतिले दिएको हो । म त्यसलाई काट्ने आदेश दिन सक्दिनँ ।"



भँगेराले आफ्नो जिद्दी छाडेन । त्यसपछि उसले बादललाई गुहाऱ्यो, "हे बादल, सूर्यले मेरो कुरा सुन्दै सुनेनन् । त्यसैले उनलाई ढाकिदेऊ ।"

भँगेराको कुरा सुनेर बादल जोडले हाँस्यो, "हा ... हा ... हा ... ।" बादलको हँसाइमा भँगेरालाई अचम्म लाग्यो । उसले सोध्यो, "किन हाँसेको यसरी ?"

बादलले भन्यो, "तिमीले मलाई पो बलियो ठानेछौ, भँगेरा नानी । म त्यति बलियो कहाँ छु र ? म हिँड्दाहिँड्दै पहाड आएर मेरो अगाडि उभिइदिन्छ । म अन्तैतिर लाग्नुपर्छ । पहाडले मेरो बाटो छेकिदिन्छ ।"



भँगेरो पहाडतिर लाग्यो । उसले आफ्ना आँखाबाट आँसु झार्दै पहाडलाई सबै बेलीविस्तार लगायो । पहाडले सुनायो, “हेर भँगेरा, हामीमा कोही कमजोर छैन । सब आ-आफ्नो ठाउँमा उस्तै छन् । तिमीले मलाई सबभन्दा शक्तिशाली ठानेर मकहाँ त आइपुग्यौ । आफ्नो गुनासो पनि पोख्यौ । तर के गर्नु ! मलाई पनि मुसाहरूले दुःख दिइरहन्छन् । यिनीहरूले त मेरो सारा शरीर खोक्रै पारिदिइसके । तिमीले पनि एउटा कुरा सम्झिराख । सबैसँग मिलिजुली शान्तिपूर्वक बाँच्न सिक्नुपर्छ । यसबाट हाम्रो घर र विश्व नै सुखमय बन्न सक्छ ।”

# ६ हिउँआमा



कुनै गाउँमा एउटी स्वास्नीमानिस थिई । उसका दुइटी छोरी थिए । जेठी छोरी राम्री र काममा लागेकी थिई । कान्छी छोरी नराम्री र अल्छी थिई । घरका सबै काम जेठी छोरी गर्थी ।

जेठी छोरी आफ्नो घरनजिकको खोलाको डिलमा कतुवा कातेर बस्थी । कतुवा कात्दाकात्दा उसका औँलाहरू छियाछिया भइसकेका थिए । कहिलेकाहीँ औँलाबाट रगतसमेत आउँथ्यो ।




एकदिनको कुरो हो । ऊ खोलाको छेउमा बसेर कतुवा कात्दै थिई । अकस्मात् कतुवा खोलामा खस्यो । कति खोजी गर्दा पनि उसले कतुवा भेट्न सकिन ।

उसले घर गएर आमालाई सबै कुरा बताई । आमाले गाली गरी र भनी, "जसरी भए पनि तैँले कतुवा खोजेर ल्याउनुपर्छ ।" जेठी छोरी फेरि रुँदैरुँदै कतुवा खोज्न खोलातिर लागी । दुर्भाग्यवश ऊ चिप्लेर खोलामा खसी ।




खोलामा डुबेपछि ऊ बग्दैबग्दै एउटा सुन्दर बगैँचामा पुगी । त्यस बगैँचामा थरीथरीका फूल फुलेका थिए । चारैतिरको वातावरण राम्रो थियो । ऊ त्यसैलाई हेर्दै हिँड्न थाली । हिँड्दाहिँड्दै ऊ एक ठाउँमा पुगी । त्यहाँ चुलामा रोटी पाकिरहेको थियो । रोटीले त्यस केटीलाई देख्नासाथ करायो, “छिटो मलाई आगोबाट झिक । नत्र म आगोमा डढ्नेछु ।”

आवाज सुनेर केटी पहिले त झस्की । पछि आगोबाट रोटी झिकी । आफ्नो बाटो लागी । ऊ अलि पर पुगी । बाटाको एउटा रूखमा स्याउ लटरम्म पाकेको थियो । रूखले केटीलाई देख्नेबित्तिकै भन्यो, “ए राम्री केटी ! मेरो रूखमा पाकेका स्याउहरू झारिदेऊ ।” केटीले पनि रूखले भनेझैँ भुइँभरि स्याउ झारिदिई र आफ्नो बाटो लागी ।



जाँदाजाँदा केटी सानो झुपडीमा पुगी । ढोकामा एउटी वूढी उभिएकी थिई । वूढीका दाँतहरू डरलाग्दा थिए । बूढीलाई देखेर केटी भाग्न खोजी । उसले केटीलाई आफूतिर डाकेर भनी, “तिमी किन डराउँछ्यौ ? भित्र आऊ । मेरा लागि तिमीले राम्ररी बिछ्यौना मिलाइदेऊ । विछ्यौनामा भएको हिउँ राम्ररी झारिदेऊ । भुवाजस्तो हिउँ उडेर चारैतिर पर्नेछ । पृथ्वीमा भएका केटाकेटीहरू रमाएर भन्नेछन् - हिउँको भुवा खस्यो । म हिउँआमा हुँ । तिमीले यति काम गऱ्यौ भने म तिमीलाई माया गर्नेछु ।

बूढीको मीठो आवाज र राम्रो व्यवहार देखेर केटीको मन पग्लियो । उसले वूढीले भनेजस्तै गरिदिई । त्यस दिनदेखि ऊ बूढीकहाँ नै बसेर राम्रो काम गर्न थाली । ऊ हरेक दिन विहान उठ्थी । बिछ्यौनाबाट सवै हिउँ झार्थी र ओछ्यान मिलाएर राखिदिन्थी ।



यसरी बूढीकहाँ बसेको धेरै वर्षपछि उसले घर सम्झी । उसले हिउँआमासँग भनी, "आमा ! हजुरले मलाई ज्यादै माया गर्नुभएको छ । म खुसी छु तर आज मलाई आमाको याद आयो । एकपटक म आफ्ना साथीहरू र आमालाई भेट्न घर जान्छु है ।"


क़ेटीक़ो कुरा सुनेर हिउँआमाले खुसीसँग अनुमति दिई र भनी, "तिमीले राम्रो काम गरेकोमा म तिमीलाई बाटो देखाइदिन्छु ।"

बूढीले केटीलाई ठूलो ढोकाबाट जाने बाटो देखाइदिई । ढोका खुला थियो । ढोकाबाट निस्कनै लाग्दा केटी अचानक टाउकादेखि खुट्टासम्म सुनौलो रूपमा परिणत भई । आफ्नो यस्तो अवस्था देखेर ऊ असाध्यै खुसी भई ।



यसरी केटी खुसी भएको देखेर बूढीले भनी, "यो तिमीले मेरो लागि राम्रो काम गरेको इनाम हो। तिम्रो हराएको कतुवा पनि लेऊ।" यति भनिसकेपछि बूढी गई। ढोका पनि बन्द भयो । केटी आफ्नो घर पुगी।

# विचार पुऱ्याऔं है





सडकमा नखेलौं ।





ट्राफिक चिन्हहरू भत्काउन/बिगार्न हुँदैन ।





निर्माणस्थलमा नझुम्मिऔं ।




सुरक्षित भएर हिंडौं ।




ट्राफिक चिन्हहरू सडक प्रयोगकर्ताहरूकै सुरक्षाका लागि राखिएका हुन् ।




निर्माणस्थलबाट टाढा रही सुरक्षित रहौं ।

**सडक हाम्रै सम्पत्ति हो, यसको ठीक प्रयोग गरौं ।**

श्री ५ को सरकार/जापानी सहायता नियोग • ट्राफिक इन्जिनियरिङ तथा सुरक्षा एकाइ/सडक विभाग • नीप्पन को.ई./हाजामा-ताइशि जे.भी.

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
२०५९